

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १९ गते आइतबार ❑ 2 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सुशासनसहितको सहकारी निर्माणमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

पोखरा महानगरपालिका सहकारी शाखाद्वारा आयोजित 'सहकारीको दिगोपन, स्वनियमन र सुशासन' विषयक कार्यशाला गोष्ठीले सुशासनसहितको उत्कृष्ट, गुणस्तरीय, दिगो र नीतिगत सर्वोच्चता भएको सहकारी निर्माण गर्नुपर्नेमा जोड दिएको छ।

'सहकारीको दिगोपन, स्वनियमन र सुशासन' भन्ने नाराका ६६ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा आयोजित कार्यशालाले ११ बुँदे निष्कर्षसहित समयानुकूल आधुनिक प्रविधिको समुचित प्रयोग गर्न र सञ्चालक तथा कर्मचारीलाई दक्ष बनाउन समयसमयमा विषयगत तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेको छ । दिगो सहकारी निर्माणका लागि अल्पकालीन र दीर्घकालीन रणनीतिक योजनामार्फत विद्यमान तरलता अभावलगायतको निराकरण गर्नुपर्ने भन्दै कार्यशालाले सदस्यतामा सङ्ख्यात्मकभन्दा गुणात्मक तवरले वृद्धि गर्नुपर्ने र सदस्य ग्राहक नभई मालिक बन्नुपनेमा जोड दिएको छ । नियमित सदस्यको राय, सल्लाह तथा सुझावको ग्रहण गर्ने र क्रमिकरुपमा कार्यान्वयन गर्ने संयन्त्र निर्माण गर्नुपर्ने उल्लेख गर्दै सञ्चालक र कर्मचारीको छुट्टाछुट्टै भूमिकाको पहिचान, मूल्याङ्कन र स्वमूल्याङ्कन गरी कमजोर पक्षलाई योजनावद्ध सवल र सक्षम बनाइ सहकारीको सु-सञ्चालन गर्नुपर्ने भनिएको छ। नियामक निकायले निरन्तर सहकारीका समग्र गतिविधिको प्रारम्भिक अनुगमन गरी आवश्यकताअनुसार सघन अनुगमनको व्यवस्थामार्फत सहकारी ऐन नियमअनुसार सञ्चालन गराउनुपर्ने निष्कर्षमा उल्लेख छ। तरलता व्यवस्थापन र ऋण असुलीलाई प्रभावकारी बनाउन सर्वप्रथम नेतृत्व र एकाघर परिवारमा भएको खराव कर्जा असुली गर्नु गराउनुपर्ने जनाइएको छ । सहकारी अभियानविरुद्ध भइरहेको आक्रमणलाई निस्तेज पार्न सबै सहकारी सङ्घ, संस्था र नियामक निकाय प्रतिबद्ध हुनुपर्ने आवश्यकता औंल्याइएको छ।

सदस्य केन्द्रित कार्यक्रम सञ्चालन गरी सदस्यलाई निरन्तर सहकारी शिक्षा प्रदान गर्दै संस्थाप्रति प्रेमभावको सिर्जना गर्नुपर्नेमा जोड दिएको छ । सहकारीलाई उत्पादनसँग जोडेर एक सहकारी एक उत्पादन कार्यक्रमलाई सार्थक बनाउनुपर्ने भनिएको छ। कार्यशालामा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलेसहकारीक्षेत्रकोसमस्यालाई अवसरको रुपमा लिनुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले समस्याසँगै नयाँ नीति तथा कानुन बन्ने र समस्यासँग जुध्ने क्षमताको विकास हुने बताउनुभयो। अहिलेको मुख्य समस्या खराब नियत भएकाले सहकारी सञ्चालन गरेको, बढी ब्याजको प्रलोभन देखाएर सदस्य ठगिने गरेको बताउँदै उहाँले त्यसो हुन नदिन सहकारी सञ्चालक, कर्मचारी र स्वयं शेयर सदस्य चनाखो हुनुपर्नेमा जोड दिनुभयो।

सहकारी समितिका अध्यक्ष रविरमण तिवारी र नेफ्स्कुनका निवर्तमान सञ्चालक भीम गुरुङले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसमा सहकारी रजिष्ट्रारको कार्यालयका ईश्वरी ढकाल र नेफ्स्कुनकी सञ्चालक कमलादेवी गिरीले टिप्पणी गर्नुभएको थियो । जिल्ला सहकारी सङ्घ कास्कीका अध्यक्ष सावित्रा कोइराला, कास्की बचत तथा ऋण सहकारी सङ्घका उपाध्यक्ष श्रीकान्त ढुङ्गाना, दुग्ध सहकारी सङ्घका अध्यक्ष पुण्यप्रसाद पौडेललगायतले सहकारी क्षेत्रका समस्या समाधान गर्दै यसलाई सर्वसाधारणले विश्वास एवं भरोसा गर्ने तवरबाट अघि बढाउनुपर्ने बताउनुभयो।

## हक अधिकारका लागि सामूहिक एकता आवश्यक : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले जातीय हक अधिकारका लागि सामूहिक एकता आवश्यक रहेको बताउनुभएको छ।

पोखरामा शनिबार तमु ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषद्को १३औं राष्ट्रिय पार्षद सभाको उद्घाटन गर्दै राजनीतिक, सामाजिक र सांस्कृतिक चेतनाका लागि सामूहिक एकता आवश्यक रहेकामा उहाँले जोड दिनुभयो। एक्लाएक्लै अघि बढ्नुभन्दा समूह बनाएर जाँदा लक्ष्य भेट्न सहज हुने उहाँको तर्क थियो। तमुहरूको भाषा, संस्कार, संस्कति जगेर्ना गर्नका लागि एकता आवश्यक रहेको उहाँले बताउनुभयो । यसमा तमु ह्युल छोंज धिं गुरूङ राष्ट्रिय परिषद्ले सराहनीय काम गरेको उहाँको भनाइ थियो । आगामी दिनमा पनि रचनात्मक काम गर्दै तमु जातिको अस्तित्व कायम गर्न भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो। शनिबारदेखि सुरु भएको भेला आइतबार सकिने तमु ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषद्का अध्यक्ष कर्णबहादुर गुरुङले जानकारी दिनुभयो । केन्द्रीय पार्षद सभामा गरुङ जातिको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक अधिकारका विषयमा छलफल हुने अध्यक्ष गुरुङले जानकारी दिनुभयो।

'तमु भाषालाई सरकारी कामकाजको भाषा हाम्रो आह्वान, तमु भाषामा तमु थातथलोको नाम पुनःस्थापना र ऐतिहासिक पहिचानको संरक्षण हाम्रो अभियान' नारासहित आयोजना भएको भेलामा देशभरबाट गरी छसय प्रतिनिधिको सहभागिता रहेको महासचिव डम्बर गुरुङले जानकारी दिनुभयो।

## आन्दित गृहको अध्यक्षमा पुनः डा.शाक्य

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



आन्दित गृह नेपाल पोखरा १२ को अध्यक्षमा पुनः डा यज्ञमान शाक्य चयन भएका छन्।

संस्थाको शनिवार सम्पन्न नवौं साधारण सभा तथा पाँचौ अधिवेशनले शाक्यको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । जसको उपाध्यक्ष डा. पदम बहादुर खडका, महासचिवमा रोमा कुमारी राउत शाक्य,कोषाध्यक्षमा मेजरमान बज्राचार्य चयन भएका छन् भने सदस्यहरुमा छविलाल गौडेल, शुशिला खनाल र मेशलाल ताम्राकार चयन भएका छन् । साथै संस्थाका निर्णयहरु प्रमाणित गर्न दुई सदस्यीय समिति बनाईएको छ । जसमा वरिष्ठ सम्मानित सदस्य भिमलाल लामिछाने र गिरा पन्त कोईराला रहेका छन् । यसअघि साधारणसभाको उद्धाटन सत्रमा बोल्दै प्रमुख अतिथि पोखरा १२ का अध्यक्ष प्रमुख अतिथि सन्तोष बास्तोलाले सरकारले वृद्धवृद्धाको संरक्षणका लागि नीति बनाए पनि कार्यान्वयन फितलो भएको बताउँदै नीजि सेक्टरबाट गरेको कामको प्रशंसा गरे। साथै आफ्नो र वडाको तर्फबाट सक्दो सहयोग गर्ने वचन दिए। आनन्दित गृह नेपाल एक गैह्रसरकारी नाफारहित संस्था हो। यो जि.प्र.का. कास्की ३१२६ २०७० मादर्ता भई, २०७० कार्तिक २६ गते देखि पो म.न.पा. १२ माटेपानीमा संचालन हुदै आएको छ । जहाँ ज्येष्ठ नागरिक (वृद्धवृद्धा तथा असाहय) हरुको शारीरिक, मानोसामाजिक, आध्यात्मिक तथा आर्थिक समस्याहरुलाई मध्यनजर गरी बहुपक्षिय सेवा र सुविधाहरु प्रदान गरी गुणस्तरिय, अर्थपूर्ण तथा खुशीमय सम्मानित जीवनयापन गर्न मदत पुरयाउदै आइरहेको छ।

## रास्वपाका उम्मेदवारलाई टिकट

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० गते हुने उपनिर्वाचनका लागि पार्टी सभापति रवि लामिछाने, डा स्वर्णिम वाग्ले र रमेश खरेललाई उम्मेदवार बनाउने भएको छ।

रास्वपा पार्टी कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा चितवन-२ मा सभापति लामिछाने, तनहुँ-१ मा डा वाग्ले र बारा-२ मा खरेललाई पार्टीका केन्द्रीय निर्वाचन आयोगका प्रमुख नारायणप्रसाद प्याकुरेलले उम्मेदवारको टिकट प्रदान गर्नुभयो।

सो अवसरमा सभापति लामिछानेले तीनै जना उम्मेदवार आगामी उपनिर्वाचनमा निर्वाचित हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "निर्वाचित भएर हामी तीन भाइसँगै सांसदका रूपमा उभिनेछौँ ।" सभापति लामिछानेले मुलुकको सेवा गर्न तयार क्षमतावान व्यक्तित्वहरू आफ्नो पार्टीबाट निर्वाचित हुने दाबीसमेत गर्नुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय स्वतन्त्र पार्टी यो देशको सबैभन्दा ठूलो र सबैभन्दा लोकतान्त्रिक पार्टी भएर



बाँकी अन्तिम पृष्ठमा ▶▶


## असार मसान्तसम्मलाई पुर्नतालिकीकरण गर्न पोखराका पर्यटन व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

पोखराका पर्यटन व्यवसायीहरुले यही चैत्र मसान्तको अन्त्यमा कुनै पनि प्रकारको दायित्वलाई मिलान गर्ने अवस्था नरहेकोले कर्जाको भुक्तानी अर्को असार मसान्तसम्मलाई पुर्नतालिकीकरण गर्न माग गरेका छन्।

पोखरा पर्यटन परिषदले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा वोल्दै परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले कोभिड पछि आर्थिक मन्दिका कारण पर्यटन व्यवसाय पनि निकै कठिन परिस्थितीमा भएकोले हाल चैत मसान्तरको किस्ता अर्को असार मसान्तरसम्मलाई पुर्‍याउन माग गरे । अघिल्ला वर्ष सरकारले ल्याएका कार्यक्रमहरु पुर्नकर्जा कोष, पुर्नतालिकीकरण र व्यवसायी जीवन रक्षा कोष जस्ता सुविधाहरुको समयावधि न्यूनतम ३ वर्ष हुनुपर्ने अध्यक्ष श्रेष्ठले माग गरे । सुविधा नविकरण सहित उक्त सुविधाबाट बञ्चित व्यवासायीलाई यस आर्थिक वर्षमै उपलब्ध गराउनु पर्ने व्यवसायीको माग रहेको छ । कोभिडको पहिलो लहर पछि व्यवसायीहरुको लागी कर्जा मिलान गर्न प्रवाह गरेको अतिरिक्त कर्जा (बढिमा १०%) सम्म बैकहरुले मिलान गर्नका लागि ताकेता गरिराखेकोमा उक्त कर्जा अवधि हालको अवस्थामा व्यवसायीलाई फिर्ता गर्न थप एकवर्ष थपिदिनु पर्ने, निक्षेपमा बैकर्स संघको व्याजदर नबढाउनेमा सहमत देखिए पनि घटाउनमा पहल नगरेकाले यसलाई तुरुन्त परिमार्जन गरी बैक तथा वित्तिय संस्थाहरुको कर्जाको व्याजदर एक अंकमा झारिनुपर्ने पोखराका पर्यटन व्यवसायीहरुको माग रहेको छ । बैक तथा वित्तिय संस्थाबाट प्रवाह गरिने कर्जाको निश्चित प्रतिशत ऋण सहुलियत व्याजदरमा कृषिमा जस्तै पर्यटन उद्योगमा अनिवार्य लगानी गर्ने गरी व्यवस्थित गरिनु पर्ने अध्यक्ष श्रेष्ठले बताए। पर्यटन उद्योगमा थप लगानी नगर्ने निती तुरुन्त परिमार्जित गरी कम्तीमा १०% गाईडेड लोनको ब्यवस्था हुनुपर्ने, गण्डकी प्रदेश सरकार ल्याएको व्यवसायी जिवन रक्षा कर्जा र नेपाल सरकार ल्याएका सहुलियतका कर्जाहरुलाई निरन्तरता दिई अझ सजिलो र झन्झट मुक्त प्रकृयाबाट ऋण प्रवाह गर्नुपर्ने व्यवसायीको माग रहेको छ। साथै प्रदेश सरकार र स्थानीय सरकारलाई तिर्नुपर्ने दायित्वहरुको अतिरिक्त शुल्कहरु मिनाहा गरी अर्को आर्थिक वर्षको असोज मसान्तसम्म तिर्ने भाका बढाइदिनु पर्ने उनले आग्रह गरे । पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट पर्यटन बजारमा पुनरुत्थानको लागि कोशेढुंगा सावित हुनेछ भन्ने आशामा उत्साहित व्यावसायी अन्तर्राष्ट्रिय उडान नहुनु र पहलमा देखिएको सुस्तताले थप निराश वनाएको व्यवसायीले गुनासो गरे । पर्यटकिय सिजनमा पोखरा आउने स्थलमार्गहरुका निर्माणको कामले पनि आगमनमा प्रभावित पारेकोले नर्माण कार्य समयमै सक्न सम्वन्धित सरोकारवालालाई परिषदले अपिल गरेको छ । यस आर्थिक वर्षमा सरकारले नीतिगत रुपमा नसमेटेका कारण देखाउँदै बैक तथा वित्तीय संस्थाहरुले व्यवसायीका दायित्वलाई चैतमसान्तको त्रैमासिक अन्त्यमा मिलान गर्नुपर्ने गरी व्यवसायीहरुलाई भएको ताकेताले त्रसित गर्ने काम भएको उनले जनाए । नेपालको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विश्व चर्चित पोखरा र गण्डकी प्रदेशको पर्यटन व्यवसायले सन् २०१९ देखि हाल सम्म कोभिड-१९को महामारीबाट सबैभन्दा क्षति व्यहोर्नु परेको पोखराका पर्यटन व्यवसायीको दाबी छ । नेपाल सरकारले अत्यधिक मार परेको क्षेत्रको रुपमा पर्यटन व्यवसायलाई राखेपनि सरकारले दिने सहुलियत, राहत तथा अनुदानका प्याकेजहरु व्यवसायीहरुले अनुभुती गर्न नपाएको पर्यटन व्यवसायीको गुनासो छ । केही व्यवसायीले सहुलियत ब्याजदर पाएपनि छोटो समयका लागि दिइएको त्यो सहयोग अपुग रहेको व्यवसायीले जनाए । यस वर्षको मौद्रिक नीतिले नसमेटिएको विषय बस्तुलाई परिमार्जित गर्दै थप कार्यक्रमहरु ल्याउन नेपाल सरकार समक्ष परिषदले अपिल गरेको अध्यक्ष श्रेष्ठले बताए । सरकारले प्रमुख प्रभावित क्षेत्र घोषणा गरेको पर्यटन क्षेत्रका लगानीलाई कोभिड संक्रमण अवधिभरको व्याज मिनाह गर्न र कोभिड प्रभावित समयमा तिरेको ब्याजमा छुट गरी फिर्ता गर्न व्यवसायीहरुको जोडदार माग गरेका छन् । स्थिती सुध्रने आशमा हरेक त्रैमासिक अन्त्यमा सरसापट गरी बैंकको किस्ता मिलान गर्दै ब्यापार धानेर बसेका ब्यवसायी वास्तवमै अव त सापटी माग्ने ठाउँ पनि नभएको उनीहरुले गुनासो गरे । महासचिव संजयकान्त सिग्देलले आफुहरुले हाल व्यवसाय धान्ने सञ्जिवनि बुटिको आवश्यक भएको बताए । आफुहरुले चैत मसान्तरसम्म सरकारी तथा बैंक तथा वित्तिय क्षेत्रबाट केही न केही माग सम्बोधन हुने अन्यथा आफुहरु आन्दोलनमा उत्रिने भएको महासचिव सिग्देलले बताए। होटल संघ नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले व्यवसायीहरुले हाल बत्ती, पानी छेलिफोन र इन्टरनेटको समेत पैसा तिर्न नसक्ने अबस्थामा पुगेको बताए । पोखरा उद्योग बाणिज्य संघका प्रतिनिधि राम कडेंलले ७ प्रतिशतको व्याजदर बढेर हाल दोब्बर हुनु त्यसको व्याज तिर्न नसक्ने अबस्थामा व्यवसायीहरु पुगेको उनले जनाए।

# चार साहित्यिकार सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

पोखरामा शनिबार चार साहित्यिक श्रष्ठा सम्मानित हुनुभएको छ।

साहित्यिक संस्था सङ्घर्षमा कलम पोखराले साहित्य क्षेत्रमा लागेर समाजमा पुऱ्याएको योगदानको आधारमा चार श्रष्ठालाई नगदसहित सम्मान गरेको हो । साहित्यकार तथा लोक गायिका हरिदेवी कोइरालाले चारै श्रष्ठालाई नगदसहित सम्मान गर्नुभएको हो । बाबा साहित्य साधक पुरस्कार विसं २०७८ द्वारा तनहुँका साहित्यकार तथा कवि आनन्दसुन्दर श्रेष्ठ र बाबा साहित्य साधक पुरस्कार २०७९ द्वारा लिली अधिकारी सम्मानित हुनुभयो। ऋषिराम रानाभाट स्मृति पुरस्कार २०७८ द्वारा म्याग्दीका लोकनाथ भुसाल र ऋषिराम रानाभाट स्मृति पुरस्कार २०७९ द्वारा कास्कीका साहित्यकार सावित्री गिरीलाई नगदसहित सम्मान गरिएको छ। प्रमुख अतिथि साहित्यकार हरिदेवी कोइरालाले मानिसको जीवन सङ्घर्षपूर्ण भएकाले साहित्य क्षेत्रमा कलम चलाउँदै आएका श्रष्ठाले आफ्नो कलम बन्द गर्न नुहने बताउनुभयो। साहित्य क्षेत्रमा लागेका व्यक्तिहरू अझै पनि यो क्षेत्रबाट बाच्न सक्ने अवस्था नरहेकाले सरकारले साहित्य क्षेत्रमा लाग्ने व्यक्तिको हितमा कार्यक्रम ल्याउन जोड कोइरालाले दिनुभयो। गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीले राज्यको तर्फबाट साहित्य क्षेत्रलाई बेवास्ता गरिएको बताउँदै कैयौं साहित्यिक श्रष्ठा बिरामी पर्दा उपचार नपाएर भौतारिनुपरेको गुनासो पोख्नुभयो। मदन पुरस्कार विजेता चन्द्रप्रकाश बानियाँले सफल साहित्यकार बन्नका लागि अध्ययन, लगनशीलता र अनुकूल वातावरण आवश्यक पर्ने बताउनुभयो। सम्मानित व्यक्तित्व आनन्द सुन्दर श्रेष्ठले साहित्यिक क्षेत्रबाट समाजलाई परिवर्तन गर्न निकै कठिन भएको बताउँदै सरकारी क्षेत्रबाट साहित्यिक क्षेत्रका लाग्ने व्यक्तिका लागि सहयोग आवश्यक पर्ने बताउनुभयो।

# राास्वपाका...

चाँडै नै खडा हुन्छ।" रास्वपाका उम्मेदवार डा स्वर्णिम वाग्लेले नयाँ राजनीतिक युगको सुरुआत गर्दै देश विकासका लागि एकजुट भएर उम्मेदवारी दिएको बताउनुभयो । यस्तै अर्का उम्मेदवार रमेश खरेलले देश विकासका लागि आफूहरू एकजुट भएको बताउनुभयो।

# दलको खराब प्रवृत्तिका कारण नयाँ शक्तिको उदय : अध्यक्ष केसी

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ चैत

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सत्ताका लागि मरिहत्ते गर्ने दलहरूको खराब प्रवृत्तिका कारण नयाँ शक्ति उदय भएको टिप्पणी गर्नुभएको छ।

पूर्वउपप्रधानमन्त्री तथा सङ्घीय सांसदसमेत रहनुभएका नेता केसीले राजनीतिमा सत्ता र शक्तिबाहेक अरु केही चिन्ता नगर्नेहरूबाट विकासको आश गर्नु गलत भएको बताउनुभयो।

बागलुङको जैमिनी नगरपालिकाले आज आयोजना गरेको विज्ञ सम्मेलनको उद्घाटनमा नेता केसीले नयाँ शक्ति उदय हुनुको कारण दलप्रतिको वितृष्णा जागेको बताउनुभयो।

"अस्थिर सरकारले किसान, गरिब तथा निमुखालाई समस्या बनाएको छ, सरकारले विषादीयुक्त तरकारी आयातमा रोक लगाउनुपर्छ, अहिले सरकारले त्यो गर्न सकेको छैन", नेता केसीले भन्नुभयो, "मान्छेले घर छाडेपछि बाँदर भित्रियो, अहिले बसाइँसराइले गाउँ खाली भएको छ, स्रोत र साधन परिचालनमा विज्ञ सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।"विज्ञहरूको सुझावका आधारमा कृषि, उद्योग र पर्यटनमा जोड दिन सके समृद्ध जैमिनी बन्नेमा शङ्का नरहेको बताउँदै नेता केसीले स्थानीय उत्पादन बजारीकरणको जिम्मा लिन आवश्यक रहेको बताउनुभयो।

# दुर्घटनामा बुबाको मृत्यु, छोरा घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, १८ फागुन

तनहुँमा ट्र्याक्टर दुर्घटनामा परी बुबाको मृत्यु भएको छ । दुर्घटनामा अधिकारीका छोरासहित दुईजना घाइते भएका छन्।

भानु नगरपालिका-२ भकुन्थोकस्थित डुम्रे बैंसीसहर सडकखण्ड जोड्ने भित्री सडकमा बा ०३-००१ त २२६ नंको ट्र्याक्टर दुर्घटना हुँदा सोही ठाउँ बस्ने ४० वर्षीय ईश्वर अधिकारीको मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका उनको उपचारका क्रममा चितवनस्थित पुरानो मेडिकल कलेजमा मृत्यु भएको प्रहरी निरीक्षक भानु शर्माले जानकारी दिनुभयो । दुर्घटनामा मृतक अधिकारीका छोरा १७ वर्षीय समिर तथा ३९ वर्षीय दीपक नेपाली घाइते भएका छन्।

# प्रदेश खेलकुद परिषद्को सदस्य सचिवका उम्मेदवारमा ५ जनाको योग्यता पुगेन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

गण्डकी प्रदेशमा प्रदेश खेलकुद परिषदको सदस्य सचिव नियुक्ति प्रकृयामा उम्मेदवार भएका १३ मध्य ५ जना अयोग्य भएका छन भने ८ जनाको मात्र आइतबार प्रस्तुतीकरण तथा अन्तरवार्ता हुने भएको छ।

उच्च अदालत पोखराले मिति २०७९/१२/१७ गते प्राप्त पत्रसंग सम्लग्न आदेश अनुसार अन्तरवार्ता वा कार्ययोजना प्रस्तुतिकरणका लागि योग्यता परिक्षण सम्बन्धी प्रारम्भिक छनौट गर्दा ५ जनालाई योग्यता नपुगेको भनि उल्लेख गरेको छ । बागलुङ नगरपालिका १ का महेन्द्र प्रसाद कँडेल, पोखरा १२ का डिलाराम लामिछाने, पोखरा १० का कृष्ण शर्मा तिमिल्सिना, पर्वत फलेवास ११ का केशव पाठक र मोदी २ पर्वतका प्रेम शर्मा सुवेदीको परिषदको सदस्य सचिव पदमा उमेदवार दिएका उनीहरुको योग्यता नपुगेकोले आइतबार अन्तरवार्ता तथा कार्ययोजना प्रस्तुतीकरण गर्न बन्चित हुने भएका छन्। अन्य बाँकी ८ जनाको भने आइतबार बिहान ८:०० बजे देखि गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयको परिसरमा अन्तरवार्ता तथा कार्ययोजनाको प्रस्तुतीकरण हुने भएको परिषदका का.वा.सदस्य सचिव घनश्याँम पौडेलले बताए।

अदालतको आदेश अनुसार शनिबार नै ८ छनौट गरिएको जसको नतिजा मन्त्रालयको वेवसाइडमै राखिएको उनले जनाए । अयोग्य ठरिएकाहरु मध्य केही सरकारी पदमा रहेका, केहीको केन्द्रिय प्रतिनिधि वा खेलाडी नभएको लगायतका योग्यता अपुग भएको परिषदले जनाएको छ। शुक्रबार नै उच्च अदालत पोखराले प्रारम्भिक (पूर्व) छनौट उपयुक्त उमेदवारहरुलाई मात्र परिक्षामा समावेस गराउन मन्त्रालयलाई आदेश दिएको थियो । खेलकुद परिषदको सदस्य सचिव पदको न्यूनतम शैक्षिक योग्यता भित्र रहेको राष्ट्रिय प्रतियोगिता खेलेको हुनुपर्ने, ऐनको दफा १७ (२ ङ) बमोजिम सार्वजनिक लाभको पद प्राप्त नगरेको हुनुपर्ने र राष्ट्रिय खेलसंग आवद्ध र सम्बन्धित खेलकुद संघमा आवद्ध रहेको आयोजकले आयोजना गरेको खेलकुदमा सहभागि हुनुपर्ने सम्बन्धित अधार (योग्यता) हरु एन बमोजिम बाध्यात्मक योग्यताका बिषयहरु रहेको शुक्रबार आदालतले जारी गरेको अन्तरिम आदेशमा उक्त कुरा उल्लेख गरिएको छ। तोकिएको मिति २०७९/१२/१९ को अर्न्तवार्ता र प्रस्तुतीकरण परिक्षा लिनु अगाडी पर्न आएका दरखास्तवालाहरुको उपरोत्तानुसारको योग्यता र अनुभवको बिषयमा हेरी, अन्तरवार्ता वा प्रस्तुतीकरण परिक्षाका लागि योग्यता परिक्षण सम्बन्धी प्रारम्भिक छनौट गरी उपयुक्त देखिने उम्मेदवार/दरखास्तवालाहरुलाई मात्र सम्बन्धी परिक्षामा सामावेश गर्न आलतले आदेश दिएको थियो। पूर्व सूचना अनुसार मिति २०७९/१२/१९ गतेको परिक्षा संचालन गर्नु पूर्व उल्लिखित योग्यता पुगे नपुगेको बिषयमा छानविन (जाँच बुझ) कार्यको अभावबाट रिक्त पदको पुर्ति सम्बन्धी छनौट कार्यको स्वच्छता, स्वास्थ्यता र वैधानिकतामा समेत प्रतिकुल असर पर्ने देखिएकोले विपक्षिमध्यको सामाजिक बिकास तथा स्वास्थ्य( युवा तथा खेलकुद) मन्त्रालय, मन्त्री (संयोजक सिफारिस समिति) मन्त्रालयका सचिव र खेल विज्ञका रुपमा रहेका हरिप्रसाद पराजुलीको नाउँमा अन्तरिम आदेश जारी गरेको थियो। बरिष्ठ अधिवक्ता मुकुन्दराज अर्याल तथा विद्धान अधिवक्ता कमल पौडेल र निवेदन अधिवक्ता श्रीधर शर्माले शुक्रबार बहस गरेका थिए। कम्तिमा राष्ट्रिय खेल खेलेको र अधिकृत सम्मको योग्यता हुनु पर्नेमा दोश्रो पटक दरखास्त आव्हान गरिएको विज्ञापनमा हटाएको कारण अदालतमा रिट निवेदन पेश भएको श्रोतको दाबी छ । मन्त्रालयका सचिव हेमप्रसाद सुवेदीले अदालतले दिएको आदेश आफुहरुले पालना गर्ने बताए। उच्च अदालतको आदेश पालना गर्नु आफ्नो कर्तव्य भएकोले कसैको प्रभाव र दबाबमा नपर्ने उनको भनाई छ । सदस्य सचिवको पदमा उमेदवार दिएका मध्यविन्दु नगरपालिका २, नवलपुरका श्रीधर शर्माले अदालतको आदेश विपरित अल्पमतमा परेको सरकारले आफ्ना कार्यकर्तालाई भर्ती गराउने गरी नियुक्ति गर्न खोजेको आरोप लगाए। शर्माले पटक पटक उच्च अदालतमा रिट निवेदन पेश गरेका थिए। यसैबिच, नेपाल लोकतान्त्रिक खेलकुद संघ पादेशिक कार्यालय गण्डकी प्रदेशले न्यूनतम योग्यता नपुगेका व्यक्तिहरुको दरखास्त दर्ता गरिएको र त्यस्ता उम्मेदवालाई यही चैत १९ गते हुने भनिएको प्रस्तुतीकरण र अर्न्तवार्ता तत्काल रोक्न माग गरेको थियो। कावासोती नगरपालिका १४ नवलपुरका सरोज महतो, मध्यविन्दु नगरपालिका २, नवलपुरका श्रीधर शर्मा, मध्यविन्दु ३ नवलपुरकै हरिकुमार चौधरी, पोखरा १२ कास्कीका कविता कोइराला, भक्तपुर नगरपालिका २ का मुना बासु कला, पोखरा २५ का मनिषा अधिकारी र काठमाण्डौं महानगर ३२ का विरेन्द्र खड्काले आइतबार आफ्नो प्रस्तुतीकरण सहित अन्तरवार्ता दिने भएका छन्।

पहिलो पटक आव्हान गरिएको विज्ञापनमा पत्रिकामा ठिकै भए पनि वेवसाइडमा नेपाली नागरिक हुनु पर्नेमा प्रदेशका नागरिक भन्ने हुन गएकोमा पुनः दोश्रो पटक दरखास्त निवेदन आव्हान गरिएको परिषदका का.वा.सदस्य सचिव पौडेले बताए । अदालतमा रिट निवेदन पेश भएकोले अदालतको आदेश अनुसार पुनः विज्ञापन गरी दरखास्त आव्हान गरिएको उनले जनाए।


लिटिल स्टेप मा.वि.मा

मन्टेश्वरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !

40th Anniversary & Ageing with Aglow 2039 2079

**भर्ना कार्यक्रम**
- Play Group, Nursery तथा K.G. कक्षामा भर्ना चलिरहेको छ।
- कक्षा १ देखि ९ सम्मको भर्ना फारम वितरण भइरहेको छ।
- प्रवेश परीक्षा: चैत्र २४ गते। समय: ११ बजे
- विषय: विज्ञान, गणित र अंग्रेजी
- भर्ना कार्यक्रम: २०७९ चैत २६ गतेदेखि
- नयाँ शैक्षिक सत्र २०८० : वैशाख ५ गते

**विशेषता**
- मन्टेश्वरी विधिद्वारा अध्यापन।
- विज्ञान, कम्प्युटर ल्याब तथा पुस्तकालयमा वाइफाई-इन्टरनेटको सुविधा।
- छात्रवृत्तिको व्यवस्था।
- शान्त शैक्षिक वातावरण, विभिन्न खेलका लागि पर्याप्त खेलमैदान।
- अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर सहितको विशाल अडिटोरियम हल।
- बस तथा होस्टेलको पनि सुविधा।

सिमलचौर, पोखरा - ८, फोन ०६१-५७५०१३, ५५२७९६



लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो।

◆ सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं।
◆ भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं।
◆ सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं।
◆ अनधिकृतरुपमा सूचना प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु:
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# वडाध्यक्ष शिव र देवकृष्ण सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

पोखरा १८ का वडाध्यक्ष शिवप्रसाद तिमिल्सीना र पोखरा ४ का वडाध्यक्ष देवकृष्ण पराजुली एकै मञ्चमा सम्मानित हुनुभएको छ ।

सराङकोट स्थित सौरेखोला चौरपाखा मोटरबाटो निर्माण समितिले वडाध्यक्षद्वय तिमिल्सीना र पराजुलीलाई बाटो निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याएको भन्दै दोसल्ला तथा सम्मानपत्रले सम्मानीत गरेको हो । शनिवार आयोजित बाटो स्तरउन्नती कार्यको आय व्यय सार्वजनिक, सम्मान एवम् छलफल कार्यक्रमका बीच



वडाध्यक्षद्वय सम्मानित भएका हुन् ।

सम्मान पछि धारणा राख्दै पोखरा १८ का वडाध्यक्ष शिवप्रसाद तिमिल्सीनाले ओभेलमा परेका सडकहरुको स्तरउन्नतीमा वडाको ध्यान गएको उल्लेख गर्दै आगामि ४ वर्षमा सडक स्तरउन्नतीमा छलाङ मार्ने बताउनुभयो ।उहाँले पोखरा हेर्नका लागि सराङकोट उक्लनुपर्ने स्पष्ट पार्दै चौर हुँदै मेथलाङ पर्यटन पदमार्ग निर्माण गर्न वडा सकारात्मक रहेको पनि जनाउनुभयो । पोखरा ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले भौगोलिक विकटता भएका वडामा महानगरले प्राथमिकता दिनुपर्ने भन्दै विकास निरन्तर चल्ने प्रक्रिया भएको औंल्याउनुभयो ।

त्यस अवसरमा पोखरा १८ का वडा सदस्यद्वय नमराज सुवेदी र कल्पना ढकाल क्षेत्री, बाटो निर्माण समितिका अध्यक्ष श्रीभद्र पौडेल, सचिव माया अधिकारी, सल्लाहकार टंकप्रसाद अधिकारी, अनुगमन समितिका सदस्य हरिश्चन्द्र अधिकारी, कोषाध्यक्ष इन्द्रबहादुर केसी लगायतले सडकको महत्वमाथि प्रकाश पार्नुभयो ।

# पोखरामा फोनिज गण्डकीको 'तेस्रो पूर्ण बैठक'

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीको तेस्रो पूर्ण बैठक पोखरामा सम्पन्न भएको छ ।

फोनिज संघीय समितिका सल्लाहकार हुम गुरुङ फोनिज संघीय समिति संगठन विभाग सदस्य आशिफ गुरुङ, संघीय सदस्य मिला दरै, फोनिज गण्डकीका इन्चार्ज एमबी आस्थामगर तथा गण्डकी प्रदेशका विभिन्न जिल्लाका अध्यक्षहरुको सहभागितामा पोखरामा तेस्रो पूर्ण बैठक सम्पन्न भएको हो । सो बैठकले विभिन्न महत्वपूर्ण निर्णय गरेको बताउदै ७ सदस्यीय सल्लाहकार चयन गरेको महासचिव धन बहादुर गुरुङ (सुमन) ले जानकारी दिए ।

उनका अनुसार सल्लाहकारमा अधिवक्ता सुरेन्द्र थापामगर, अधिवक्ता जुनाकुमारी गुरुङ, अधिवक्ता मनोज घर्तीमगर, अग्रज पत्रकार दीपेन्द्र श्रेष्ठ, पत्रकार शान्ती गुरुङ, रुद्र बहादुर हितानमगर र राज बहादुर गुरुङलाई चयन गरिएको हो ।

यस्तै सो बैठकले विभिन्न ६ विषयगत समिति गठन गरि विभिन्न पदाधिकारीलाई नेतृत्वको जिम्मेवारी दिएको गुरुङले बताए । उनले संगठन विभाग प्रमुख सचिव विजय रानालाई चयन गरेको जानकारी दिए । महासचिव गुरुङका अनुसार प्रशिक्षण विभाग प्रमुखमा उपाध्यक्ष खिमा गुरुङ, महिला विभाग प्रमुखमा उपाध्यक्ष सूर्य कुमारी महतो, अनुशासन विभाग प्रमुखमा सदस्य मणिलाल गुरुङ, जनसम्पर्क तथा प्रकाशन विभाग प्रमुखमा सचिव अर्जुन गाहा (सुशान्त) मगर र आर्थिक विभाग प्रमुखमा कोषाध्यक्ष रत्ना गुरुङलाई चयन गरिएको थियो ।

यसैगरी पोखरामा सम्पन्न फोनिज गण्डकीको तेस्रो पूर्ण बैठकले जिल्ला समितिहरुलाई क्रियाशिल बनाउनुपर्नेमा जोड



दिएको छ । संघीय सल्लाहकार हुम गुरुङले फोनिज गण्डकीको गतिविधिसँगै जिल्ला स्तरीय समितिहरुपनि सक्रिय हुनुपर्ने बताए । उनले 'फोजिनको अभियान, सञ्चारमा पहिचान' भन्ने नारालाई सार्थक बनाउनका लागि जिल्ला स्तरिय समितिलाई सुदृढिकरण गर्न आवश्यक रहेको बताए । गुरुङले समितिहरुलाई पुर्नताजकिकरण गर्नका लागि अभियान सञ्चालन गर्नुपर्ने धारणा राखेका थिए ।

यस्तै फोनिज केन्द्रीय समितिका संगठन विभाग सदस्य आशिफ गुरुङले स्थानीय तहका सरकारलाई समन्वय गर्दै कार्यक्रम गर्न सकिने बताए । 'स्थानीय सरकारसँग समन्वय गरेर विभिन्न कार्यक्रम गर्न सकिन्छ, उनले भने, 'आदिवासी जनजाति पत्रकारहरुकै क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रम गर्न सकिन्छ । जिल्लाका नेताहरुले त्यता पनि ध्यान दिन आवश्यक छ ।' उनले जिल्ला समितिलाई सक्रिय बनाउका लागि केन्द्रीय समिति सधै तत्पर रहेको बताएका थिए । यसैगरी फोनिज गण्डकीका इन्चार्ज एमबी आस्थामगरले फोनिज गण्डकीले अन्य पत्रकार समुह भन्दा क्रियाशिल रहेको उल्लेख गरे । उनले गण्डकी प्रदेशमा विभिन्न पत्रकारहरुको संगठन रहेको बताउदै फोनिजले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरेर विभिन्न कार्यक्रम सम्पन्न गरिसेको बताए । 'अहिलेसम्म हामीले करिब आधा दर्जन कार्यक्रम जो पत्रकारकै क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न पर्यटकीय गाउँमा सम्पन्न गरिसकेका छौं, उनले भने, 'यसले हामी फोनिजकर्मी पत्रकारको मात्रै होइन गैर फोनिजकर्मी साथीहरुपनि लाभांवित हुनुहुन्छ ।

त्यसैले यो गण्डकीको टिमले जस्तै जिल्लाले पनि रचनात्मक काम गर्न सकिन्छ । त्यसको लागि हामी जे पनि सहयोग गर्न तयार छौ ।' इन्चार्थ मगरले जिल्ला समितिलाई सक्रिय बनाउनका लागि छिटै संगठन सुदृढिकरण अभियान सञ्चालन गर्ने धारणा राखे । उनले प्रदेशको समिति र संघीय समितिका प्रतिनिधिहरुको टिमले विभिन्न जिल्लामा पुगेर प्रशिक्षण तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने बताएका थिए । सो पूर्ण बैठकमा गण्डकी प्रदेशका विभिन्न जिल्ला समितिका अध्यक्षहरुले विभिन्न समस्याका कारण अन्य पत्रकार समुहको तुलनामा काम गर्न कठिन हुने गरेको टिप्पणी दिएका दिए ।

सोही टिप्पणी र गुनासोका आधारमा फोनिज गण्डकीले जिल्लागत समितिलाई सक्रिय बनाउनका लागि फोनिज संगठन सुदृढिकरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।फोनिज गण्कडीका अध्यक्ष रुद्र बहादुर श्रीसमगरको सभापतित्वमा सम्पन्न बैठकको सञ्चालन महासचिव धन बहादुर गुरुङ (सुमन) ले सञ्चालन गरेका थिए ।

# शुभम सहकारीको शिविरमा १९६ को स्वास्थ्य परिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

शुभम बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा पोखरा महानगरपालिका वडा नं. २८ स्याङ्खुदीमा आयोजित निशुल्क स्वास्थ्य शिविरमा १९६ जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।

६६ औं अन्तराष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित शिविरमा युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि( युआरएल) ,त्रिनेत्र आँखा उपचार केन्द्र र लेकसिटी दन्त क्लिनिकको प्राविधिक टोलीले बिरामीको लागि स्वास्थ्य परामर्श, रक्त, आँखा, दाँत र मुख परिक्षण गरिएको थियो । शिविरमा स्वास्थ्य परिक्षण गरिएका मध्ये ५० जना बिरामीलाई थप उपचारका लागि अस्पतालमा सिफारिस



गरिएको सहकारी संस्थाका सचिव कृष्णप्रसाद पोखरेलले जानकारी दिनुभयो । सिफारिस गरिएका बिरामीलाई सामान्य शल्यकृया गर्नुपर्नेका लागि सम्पूर्ण खर्च संस्थाले व्यहोर्ने बताउँदै परिक्षण गरिएको कार्डको आधारमा रक्त परिक्षणमा ५० प्रतिशत खर्च सहकारीले व्यहोर्ने बताउनुभयो । कार्यक्रम संयोजक सितादेवी बरालका अनुसार वेगनासतालको जलाधार क्षेत्र स्याङ्खुदीमा आयोजित शिविरमा पोखरा २८ र ३१ का स्थानीयवासिन्दाले सुविधा लिएका थिए । शिविरमा ६२ हजार मुल्य बराबरको औषधि निशुल्क वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

पोखरा २८ का वडाअध्यक्ष श्रीकृष्ण लामिछानेले शिविरको उद्घाटन गर्दै सहकारी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत मानव स्वास्थ्यतर्फ पुऱ्याएको योगदानको उच्च कदर गर्दै सहकारी उत्पादनसंग जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो।सहकारीअभियान्ता तेजनारायण अधिकारीले ऐन, नियम, कार्यविधिको भावना र मर्मलाई आत्मसाथ गरेर अघि बढ्ने सहकारी सफल हुने विश्वास व्यक्त गर्दै दिगोपनका लागि शेयर सदस्य सचेत हुनु पर्नेमा जोड दिनुभयो ।

संस्थाका अध्यक्ष राजन पन्तको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चारकर्मी हरिप्रसाद बास्तोला, संस्थाका उपाध्यक्ष सूर्यप्रसाद पौडेल, स्थानीय समाजसेवी भोजराज भुर्तेल, व्यवस्थापक कमलप्रसाद कोइराला, सल्लाहकार चुडामणी बराल लगायतले स्वास्थ्य शिविरको महत्व माथि चर्चा गर्दै सहकारीको दिगोपनका लागि संचालक, व्यवस्थापक शेयर सदस्य सचेत हुनुपर्ने आवश्यकता औल्याउनुभयो ।

# भारतीय सेना इन्टर बटालियन भलिबलको उपाधि ५/३ जिआरलाई

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

भारतीय दूतावास, भारतीय पेन्सन क्याम्प रामबजार पोखराको आयोजनामा सम्पन्न भलिबल प्रतियोगिताको उपाधि ५/३ जिआरले उचालेको छ ।

भारतीय पेन्सन क्याम्पमा आयोजित उपाधि भिडन्तमा ३/९ जिआरलाई ३-१ सेटले पराजित गर्दै उपाधि उचालेको हो । उपाधिसँगै ५/३ जिआरले नगद ४० हजार प्राप्त गरेको छ भने उपविजेता बनेको ३/९ जिआरले नगद २५ हजार, शिल्ड, मेलड र प्रमाणपत्र प्राप्त गरेको छ ।

सम्पन्न फाइनल खेलमा पहिलो सेट २५-२३ ले जितेको भएपनि दोस्रो सेटमा



३/९ जिआरले २३-२५ ले जित्दै खेलमा फर्कियो । तेश्रो र चौथो सेट २५-१८ र २५-ले जित्दै उपाधि जितेको हो । विजेता टिम तथा खेलाडीहरुलाई भारतीय पेन्सन क्याम्पका प्रमुख ले.कर्नल प्रशान्त सिंह बघेलले नगद, ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

प्रतियोगिताको प्रथम पुरस्कार प्रायोजकको रुपमा नेपाल एसबिआई बैंक तथा दोस्रो पुरस्कारको प्रायोजनको रुपमा ऐभरेष्ट बैंक रहेको थियो ।प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो ।

# बाबियाचौरमा ब्याडमिन्टन कभर्ड हलआग्रह

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

म्याग्दीको मङ गला गाउँपालिका-२ बाबियाचौरमा रु २१ लाखमा कभर्ड हल निर्माण भएको छ । ब्याटमिन्टनसहित मार्सल आर्टका खेलसमेत सञ्चालन गर्न मिल्ने गरी निर्मित कभर्ड हलको गाउँपालिका अध्यक्ष सत्प्रसाद रोकाले उद्घाटन गर्नुभएको हो । गाउँपालिकाको रु ११ लाख, पूर्वाधार कार्यालयको रु पाँच लाख र २ को वडा कार्यालयबाट रु पाँच लाख गरी रु २१ लाखको आर्थिक सहयोगमा उक्त कभर्ड हल निर्माण भएको हो ।

गाउँपालिका अध्यक्ष रोकाले समुदायमा आवश्यक सबै पूर्वाधारमा पालिकाको बजेटबाट मात्रै सम्भव नभएकाले अन्य सरकारी निकाय, प्रदेश र सङ्घीय सरकारबाट समेत बजेटको आवश्यकता रहेको बताउनुभयो ।

कभर्ड हल बाहिर पार्किङ, व्यवस्थित शौचालयसहितको संरचनाका लागि समेत मङगला युथ क्लबले बजेट माग गरेको छ । कभर्ड हललाई आवश्यकताअनुसार संरचना थप गरिने जनाइएको छ ।

# टिम्सले पर्वतीय पर्यटनलाई थप सुरक्षित बनाउने टानको विश्वास

रासस
काठमाडौं, १८ चैत

ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान)ले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) को नयाँ मापदण्डले पदयात्रा तथा पर्वतीय पर्यटनलाई थप सुरक्षित बनाउन सहयोग पुग्ने बताएको छ ।

टानका अध्यक्ष नीलहरि बाँस्तोलाले आज एक विज्ञप्ति जारी गरी भर्खरै सरकारले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) लाई व्यवस्थित गर्ने सम्बन्धी मापदण्ड-२०७९ ल्याएको र उक्त मापदण्डले नेपालको पदयात्रा तथा पर्वतीय पर्यटनलाई थप सुरक्षित बनाउन सहयोग पुग्ने बताउनुभएको हो ।

"नेपाल पर्यटन बोर्डको कार्यकारी समितिको बैठकले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स)लाई व्यवस्थित गर्ने सम्बन्धी मापदण्ड-२०७९ जारी गरिएकामा टान नेपाल पर्यटन बोर्डको सो निर्णयको स्वागत गर्दछ", अध्यक्ष बाँस्तोलाद्वारा जारी विज्ञप्तिमा भनिएको छ । उहाँले विश्व पर्यटन बजारमा नेपाललाई सुरक्षित गन्तव्यका रूपमा चिनाउने यस क्षेत्रलाई थप गुणस्तरीय र प्रतिस्पर्धी बनाउने, पर्वतीय पर्यटन क्षेत्रमा संलग्न उद्यमी तथा व्यवसायीको आत्मविश्वास बढाइ थप लगानी गर्न आकर्षित गर्ने र उल्लेख्य रूपमा रोजगारी वृद्धि गर्न टिम्सले सहयोग पुग्ने बताउनुभयो । पर्वतीय पर्यटनद्वारा राज्यको कूल ग्राहस्थ्य उत्पादनमा पुऱ्याउने योगदानलाई वृद्धि हुने विश्वास टानले लिएको छ । अध्यक्ष बाँस्तोलाले पर्यटनलाई सुरक्षित, मर्यादित, व्यवसायीमैत्री, रोजगार मूलक र दिगो बनाउन आवश्यक पर्ने नीतिगत सुधारका लागि टानले विगत लामो समयदेखि काम गर्दै आएको र आगामी दिनमा पनि गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ ।

# हलर र विकानोभा च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

पोखरामाआजसम्पन्नएसिया कप ट्रायथोलन च्याम्पियनसिपमा पुरुषतर्फ लक्जम्बर्गका बब हलर र महिलातर्फ स्लोभाकियाका माग्रेटा विकानोभा च्याम्पियन बन्नुभएको छ ।

नेपाल ट्रायथोलन सङ्घको आयोजनामा पोखराको लेकसाइडमा आयोजना भएको प्रतियोगितामा पुरुषतर्फ बब हलरले सात सय ५० मिटर पौडी, २० किमी साइक्लिङ र पाँच किमी दौड गरी निर्धारित दुरी ५५ मिनेट ५५ सेकेण्डमा पूरा गरी प्रथम स्थान हासिल गर्नुभएको हो । उज्बेकिस्तानका एलेक्सान्द्र कुरिशोभ दुई सेकेण्डले पछि पर्नुभयो । उहाँले निर्धारित दुरी ५५ मिनेट ५७ सेकेण्डमा पूरा गर्नुभएको थियो । लक्जम्बर्गकै स्टेफन जाचाउसले ५६ मिनेट एक सेकेण्डमा निर्धारित दुरी पूरा गरी तृतीय बन्नुभयो । जापानका क्योटारो योसिकावाले समग्रमा ५६ मिनेट नौ सेकेण्डमा पौडी, साइक्लिङ र दौड पूरा गरी सान्त्वना स्थान हासिल गर्नुभएको छ । पुरुषतर्फ नेपालसहित लक्जम्बर्ग, उज्वेकिस्तान, जापान, उरुग्वे, अष्ट्रिया, अष्ट्रेलिया, काजाकिस्तान, स्लोभाकिया, युएई, प्लोस्टाइन, न्युजिल्याण्ड र भारतका गरी ४७ खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । महिलातर्फको प्रतिस्पर्धामा विकानोभाले निर्धारित दुरी एक घण्टा चार मिनेट ५१ सेकेण्डमा पूरा गरी च्याम्पिन बन्नुभयो । जापानकी मिनेरी इकिनोले एक घण्टा पाँच मिनेट १८ सेकेण्डमा दुरी पूरा गरी उपविजेता बन्नुभयो । जापानकै चिसालो नाकाजिमाले एक घण्टा पाँच मिनेट ३० सेकेण्डमा दुरी पूरा गरी तृतीय स्थान हासिल गर्नुभएको नेपाल ट्रायथोलन सङ्घले जनाएको छ ।

साउथ एसिया कप च्याम्पियनसीपमा पुरुषतर्फ भारतका आदर्श मुरारिधर नाइर सिनिमोलले उपाधि जित्नुभएको छ । उहाँले एक घण्टा चार मिनेट १६ सेकेण्डमा दुरी पूरा गर्नुभयो । भारतकै विश्वनाथ यादवले एक घण्टा छ मिनेट २५ सेकेण्ड पार गर्दै उपविजेता बन्दा नेपालका वसन्त थारु एक घण्टा छ मिनेट ५२ सेकेण्डमा दुरी पूरा गरी तृतीय बन्नुभयो । साउथ एसिया कप च्याम्पियनसीप महिलातर्फ भारतका प्रज्ञा मोहन प्रथम, भारतकै मान्सी मोहित द्वितीय र नेपालकी श्रेवी महर्जन तृतीय हुनुभयो ।

नेपालतर्फका राष्ट्रिय ट्रायथोलनको प्रतिस्पर्धामा पुरुषतर्फ वसन्त थारु च्याम्पियन बन्नुभयो । उहाँले एक घण्टा छ मिनेट ५२ सेकेण्डमा दुरी पूरा गर्दा दीपेश चौधरीले एक घण्टा नौ मिनेट १७ सेकेण्डमा पूरा गरी द्वितीय बन्नुभयो । मौलिक महर्जनले पौडी निर्धारित दुरी पूरा गर्न एक घण्टा ११ मिनेट तीन सेकेण्ड समय लगाउनुभयो ।

यसैगरी महिलातर्फको राष्ट्रिय प्रतिस्पर्धामा श्रेवी महर्जन प्रथम हुनुभयो भने केशरी थापा मगरले द्वितीय स्थान हासिल गर्नुभयो । ट्रायथलनमा महिला/पुरुष उपाधि विजेताले मेडल, प्रमाण पत्रका साथ छ सय ३० डलर पुरस्कार प्राप्त गरेका छन् । द्वितीय हुनेले पाँच सय २५ डलर, तृतीयले चार सय २० डलर र सान्त्वनाले तीन सय १५ डलर पुरस्कार प्राप्त गरेको आयोजकले जनाएको छ ।

विजयी खेलाडीलाई गण्डकी प्रदेशसभा सदस्य प्रकाश बराल, निर्वतमान प्रदेशसभा सदस्य दीपक कोइराला, नेपाल ट्रायथोलन सङ्घका केन्द्रीय अध्यक्ष निलेन्द्र राज श्रेष्ठले लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।